कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

५ नं. प्रदेश नेपाल

प.सं. : ०७६/०७७

च.नं. : ११

फोन नं.:-०८१-५४०००९

मिति :- २०७६/४/२

**विषय :- सामाजिक सुरक्षा भत्ता प्राप्तीका लागि नयाँ नाम दर्ता तथा नविकरण गर्ने सम्बन्धि सार्वजनिक सूचना ।**

प्रस्तुत विषयमा **सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५**, अनुसार यस कोहलपुर नगरपालिका भित्र स्थायी बसोबास गर्ने **दफा १४** को उपदफा १ बमोजिम सुविधा पाउनको लागि **दफा ९** बमोजिम लक्षित समुहमा पर्ने व्यक्तिहरुले आगामी आ.व. २०७७/०७८ को लागि मिति २०७७ साल फाल्गुण मसान्त सम्म ७० बर्ष पुग्ने जेष्ठ नागरिकहरु तथा २०७७ साल फाल्गुण मसान्त सम्म ६० बर्ष पुग्ने इच्छुक दलित जेष्ठ नागरिकहरुले अनिवार्य रुपमा २०७६ पौष मसान्त भित्र र अन्य लाभग्राहि (**अबिवाहित वा सम्बन्ध विच्छेद भएका ६० बर्ष पुरा गरेका एकल महिला, पतिको मृत्यु भएका जुनसुकै उमेरका विधवा महिला, रातो र निलो रंगको परिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्ति र दलित समुदायका पाँच बर्ष पुरा नभएका बालबालिका**) ले जुनसुकै समयमा सम्बन्धित वडा कार्यालयमा रित पूर्वक दरखास्त दिनु हुन सूचित गरिन्छ साथै हाल भत्ता पाइ रहनु भएको लाभग्राहीहरुले आगामी आ.व. २०७७/०७८ मा भत्ता लिन अनिवार्य रुपमा नविकरणका लागि २०७६ पुस मसान्त भित्र सम्ममा दरखास्त दिनु पर्नेछ । यो सूचना बमोजिम दर्ता तथा नविकरणको लागि दरखास्त नदिने लाभग्राहीहरुले २०७७ साल श्रावण महिना देखि भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत जानकारी गराउनुको साथै थप जानकारीको लागि सम्बन्धित वडा कार्यालयकमा सम्पर्क गर्न हुन सबैमा अनुरोध छ ।

..............................

(दशरथ बुढा)

प्रमुख प्रशासकीय अधिकृत

दशरथ बुढा

प्रमुख प्रशासकीय अधिकृत

(उप-सचिव)